## आर्थिक वर्ष ०७७/०७८ को

# बजेट वक्तव्य

### माण्डवी गाउँपालिका

### प्यूठान जिल्ला

### प्रदेश नं. ५

### २०७७

गाउँ सभाका अध्यक्ष महोदय

गाउँ सभाका सदस्य ज्युहरु

सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु

कोरोना भाइरसको संकमणबाट फैलिएको कोभिड–१९ रोगबाट सिर्जित प्रतिकुल परिस्थितिमा माण्डवी गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित गाउँसभा समक्ष आगामी आर्थिक बर्ष २०७७।०७८ को बजेट प्रस्तुत गर्न उपस्थित भएकीछु। आर्थिक वर्ष २०७७।०७८ को वजेट प्रस्तुत गरिरहँदा म संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापनासम्मका कान्ति तथा संघर्षहरुमा आफ्नो अमुल्य जीवन बलिदान गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात महान शहिदहरु प्रति हार्दिक श्रदाञ्जली ब्यक्त गर्दछु। साथै नेपाली समाज रुपान्तरणको क्रममा अग्रपंक्तिमा रहेर नेतृत्वदायी भुमिका निर्वाह गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु।

कोभिड–१९ रोगको कारणले भएको बन्दाबन्दी ,सामाजिक दुरी कायम गर्नुपर्ने वाध्यात्मक अवस्था लगायतका प्रतिकुलताकाबीच धैर्यताका साथ कोरोना भाइरस नियन्त्रण र उपचार अभियानमा साथ दिनु भएकोमा स्थानिय सरकारको तर्फवाट म सम्पुर्ण गाउँबासीको उच्च प्रशंसा गर्दछु। कोभिड–१९ नियन्त्रण तथा उपचारमा अहोरात्र खट्नुहुने स्वास्थ्यकर्मी,जनप्रतिनिधिहरु एवम् सम्पुर्ण राष्ट्रसेवक कर्मचारी,पत्रकार पेशा व्यबसायीलगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

कोभिड–१९ रोगका कारण विश्वव्यापी अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको छ। यसबाट माण्डवी गाउँपालिका पनि प्रभावित भएको छ। उत्पादन र आपुर्ति श्रृङ्खला खल्बलिन पुगेको छ। व्यापार व्यबसायमा गिरावट आएको छ। रोजगारीका अवसरहरु गुम्दै गएका छन्। वैदेशिक रोजगारीका लागि भारत तथा तेश्रोमुलुक गएका दिदिबहिनी दाजुभाइहरुको नेपाल फर्कने चाप बढेसँगै स्थानिय स्तरमै रोजगारीको सिर्जना गर्नुपर्ने बाध्यात्मक परिस्थिति हाम्रो सामु देखिएको छ। यतिवेला सिङ्गो समाज र अर्थतन्त्र दुवै राहत र पुनर्स्थापनाको पर्खाइमा छन्। यी यस्ता यावत प्रतिकुलता र चुनौतिका बाबजुत वित्तिय अनुशासन कायम गर्दै समष्टिगत आर्थिक स्थायित्व कायम राख्न मद्दत गर्नेगरी स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता, रोजगारी गुमाएकालाई रोजगारीको सुनिश्चितता र कृषि क्षेत्रमा व्यबसायिकता प्रदान गर्ने गरि वजेट तथा कार्यकम तय गरेकीछु।

**सम्मानीय अध्यक्ष ज्यु**

अब म कोभिड–१९ नियन्त्रण र उपचारका सम्बन्धमा स्थानिय सरकारले अहिलेसम्म गरेका प्रयासको बारेमा संक्षेपमा चर्चा गर्न चाहन्छु।

नेपाल सरकारले बन्दाबन्दीको घोषणा गरेसँगै स्थानीय सरकारले त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दियो। वन्दावन्दिका कारण रोजागारी गुमाएका ८२५ घरपरिवारलाई राहात वितरण गरिसकिएको छ। भारत तथा तेश्रोमुलुकबाट गाउँपालिका फर्कन चाहने गाउँबासिलाई समन्वय गरि हालसम्म करिव

१२०० नागरिलाई सुरक्षित गाउँपालिकामा ल्याई अनिवार्य क्वारेन्टिनमा राखि घर फर्किएका तथा कोरोना रोगको संक्रमण देखिएका व्यक्तिहरुलाई आइसोलेसनमा राखि उपचार भइराखेको छ । कोरोना रोकथाम तथा नियन्त्रणका लागि गाउँपालिकाले रु ९७ लाखको कोरोना कोष स्थापना गरि विभिन्न शिर्षकमा रहेको रकमलाई रकमान्तर गरि अन्य संघ संस्था व्यक्ति,उद्योगि,व्यापारीलाई समेत सो कोषमा रकम राख्नका लागि आव्हान गरिएको थियो ।प्रदेश सरकारबाट प्राप्त १० लाख विशेष अनुदानबाट प्राप्त ११ लाख अन्य व्यक्तिबाट प्राप्त रकम गरि रु १ करोड २१ लाख रकम कोरोना उपचार तथा नियन्त्रण कोषमा जम्मा भएको हो। हाल सम्मको दिन सम्म भुक्तानी गरिएको खर्च रु १ करोड १६ लाख देखिन्छ ।अन्य भुक्तानि तथा स्वास्थ्यकर्मिको जोखिम भत्ता रकम वितरण गर्न बाकि देखिन्छ र सोका लागि रकम अपुग हुन आउछ ।

आ.व २०७६।०७७ का लागि आन्तरिक आम्दानि करिव ७० लाख उठाउने लक्ष्य लिएकोमा कोभिड–१९ रोगका कारण लक्ष्य प्राप्तीमा कठिनाई भयो जम्मा ५५ लाख राजश्व उठाउन सक्यौ । वजेट कार्यान्वयनको अवस्थालाई हेर्दा शसर्त अर्न्तगतका धेरै कियाकलाप सम्पन्न हुन गइहेका छन भने वित्तिय समानिकरणबाट विनियोजन भएको रकमको आजको दिन सम्म करिव ६८ प्रतिशत खर्च भएकोछ । राजश्व वाँडफाटबाट प्राप्त हुनु पर्ने रकम रु ५ करोड ९० लाख मध्ये हालसम्म ४ करोड १४ लाख मात्र प्राप्त भएकोछ ।

**गाउँपालिका अध्यक्ष ज्यु,**

अव म गरिमामय सभासमक्ष आर्थिक वर्ष २०७७।०७८ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहन्छु :

**आगामी आर्थिक वर्ष २०७७।०७८ को बजेटको उद्देश्यहरु निम्न अनुसार रहेका छन ।**

क) कोभिड–१९ रोगका कारण फैलिएको संक्रमणलाई रोक्नका लागि आवश्यक पूर्वाधार, जनशक्ति र क्षमता बिस्तार गरि स्वास्थ्य सेवामा आम जनताको पहुँच बढाउनु ।

ख) कोभिड–१९ रोगका कारणबाट रोजगारी गुमाएका व्यक्ति र बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई स्थानिय तहमै रोजगारीका अवसर सिर्जना गर्दै गाउँपालिकालाई क्रमश आत्मनिर्भर बनाउनु ।

ग) आधारभुत पुर्वाधारहरुको विकास गर्नु ।

घ) शिक्षा , स्वास्थ्य, सरसफाई तथा पोषण लगायतको विकास गरी मानव विकासको स्तरमा सुधार गर्नु ।

ङ). कृषि तथा पशु विकासको माध्यम बाट उत्पादन बृद्धी गरी आय बढाउनु ।

च). लैंगिक तथा सामाजिक समावेशिकरणको विकास गर्नु ।

छ). जनतालाई सेवा प्रवाह र सुशासनको प्रत्याभुति गर्नु ।

ज) .जलबायु परिवर्तन अनुकुलन कार्य मार्फत विकास निर्माण गर्नु ।

झ).गाउँपालिकाबाट प्रवाह हुन सेवामा आम जनताको सहज र सरल पहुँच स्थापित गरि शुसासन प्रबर्द्धन गर्नु ।

ञ).स्थानिय श्रोत साधनको समुचित परिचालन मार्फत दिगो,समाबेशि र उच्च दरको आर्थिक बुद्धि गर्नु ।

**बजेटको उद्देश्यहरु परिपुर्ति गर्न देहायका विषयहरुलाई प्राथमिकता दिईएको छ ।**

१. स्वास्थ्य क्षेत्रको स्तरउन्नती र बिस्तार गरी स्वास्थ्य सेवामा आम नागरिकको पहुँच बृद्धि गर्ने गाउँपालिकाको पुर्वाधार विकासमा सहयोग पुग्ने ।

२. कृषि क्षेत्रमा उत्पादनका साधनमा सरल पहुँच र नबिनतम प्रविधिको उपयोग बढाउदै युवा पुस्तालाई आकर्षित गर्दै गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने ।

३. उत्पादन तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।

४. महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ।

५. लैंगिक समानता र सामाजिक समावेशिकरण अभिवृद्धी हुने ।

६. दिगो विकास, वातावरणिय संरक्षण तथा सम्वद्धन गर्न सघाउ पुग्ने।

७. शिक्षा, स्वास्थ्य, पोषण जस्ता सामाजिक पक्षको स्तर वृद्धी हुने ।

८. संस्थागत विकास,सुशासन र सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता हुने ।

९.बन संरक्षण, बृक्षारोपण,जलाधार संरक्षण, मुहान संरक्षण मार्फत दिगो विकासमा योगदान पुग्ने ।

१०. सूचना तथा संचार प्रविधिको विकास र गुणस्तरमा बृद्धि हुने ।

**वार्षिक बजेट कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरु :**

आ.व. ०७७।०७८ को वार्षिक बजेट तथा कार्यकम तर्जुमा गर्दा निम्न विषयहरुलाई आधार लिईएको छ,

१. नेपालको संविधान ।

२. स्थानीय सरकार संचालन ऐन २०७४ ।

३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ ।

४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ।

५. नेपाल सरकारको आवधिक विकास योजना ।

६. उपलब्ध स्रोत साधन ।

७. विकासका अन्तरसम्बन्धित विषयहरु ।

८. गाउँको विकासको विधमान अवस्था र मानव विकासको सुचांक ।

९. स्थानिय जनताका आकांक्षा र आवश्यकता ।

१० .निर्वाचनका क्रममा व्यक्त गरिएका प्रतिबर्द्धता तथा घोषणापत्रहरु

११.कोभिड–१९ रोगका कारण सृजित अवस्थालाई सम्बोधन गर्ने विषयहरु

बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन वमोजिम संघ र प्रदेश सरकारवाट बजेट सिमा प्राप्त स्रोत अनुमान तथा बजेट सिमा निर्धारण बस्ती तथा वडा तहमा योजना छनौट तथा प्राथमिकरण, बजेट तथा कार्यक्रम तर्जुमा गाउँ कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृत गरी  आज यस सम्मानित गाउँ सभामा प्रस्तुत गरेकि छु ।

**वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा देहाय बमोजिमका समष्टिगत नीतिहरु अवलम्वन गरिएको छ**

१.कोभिड–१९ महामारीका कारण  सृजित अवस्थालाई नियन्त्रण र  व्यबस्थापनका लागि स्वास्थ्य सेवाको संचालन गरिने

२.स्थानिय सरकार संचालन ऐन २०७४ ले तोकेका कार्य तथा जिम्मेवारी सम्पादन गर्न सघाउ पुर्याउने

३. शिक्षा, तथा रोजगारी सुजना गर्ने कार्यक्रमहरुलाई गाउँपालिकाले अपनत्व हुने गरी प्रभावकारी रुपमा संचालन गरिने ।

४. साधन स्रोतको वितरण गर्दा भौगोलिक, विषय क्षेत्रगत, समुदायगत र वातावरयीय सन्तुलन कायम गरिने ।

५. विकास योजनालाई उपलब्धीमुलक बनाउन आयोजना संख्या सिमित गरी ठुला तथा गाउँ गौरबका योजनाहरु संचालन गर्ने । वडालाई वडाहरुका स साना जनताका आवश्यकता पुरा गर्ने खालका आयोजनाहरु सम्पन्न गर्ने गरि वडागत वजेट कार्यक्रम उपलब्ध गराइनेछ ।

६. आन्तरिक आय र राजश्व बाँडफाँडबाट मात्र चालु खर्च व्यवस्थापन गर्ने ।

७. स्थानीय तहको बहन गर्नु पर्ने अनिवार्य दायित्वका विषयहरुको व्यबस्थापन गर्ने ।

८. लैंगिक समानता तथा सामाजिक समाबेशीकरणलाई विकास योजनाका सवै चरणमा सहभागिता गराउने ।

९. गाउँको विकासमा दातृ निकाय, गैर सरकारी संस्था र निजि क्षेत्रको लगानीलाई प्रोत्साहन गरिने ।

१०. विकास निर्माण कार्यमा जनताको सहभागिता र अपनत्वको सुनिश्चिता गरिने छ ।

**गाउँपालिकाका अध्यक्षज्यु**

१) अव यिनै उद्देश्य ,प्राथमिकता र नीतिको परिधिमा रहि आर्थिक वर्ष २०७७।०७८ को बजेट र मुख्य कार्यक्रमका बारेमा म यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहान्छु । सर्वप्रथम विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना प्रस्तुत गर्दछु । आगामी आर्थिक बर्षका लागि कूल रकम रु.३७ करोड ९७ लाख ७१ हजार ९ सय असी रुपिया विनियोजन गरेकी छु । जस मध्ये संघिय सरकारबाट वित्तीय समानीकरणमा रु. ७ करोड ४६ लाख, सशर्त अनुदान तर्फ रु. १४ करोड  १४ लाख  प्राप्त हुन आएको छ । संघिय सरकारको राजश्व बाँडफाँडबाट रु. ६ करोड १७ लाख ५३ हजार ९ सय ८० प्राप्त भएको छ । संघिय सरकारबाट विशेष अनुदान तर्फ १ करोड तथा समपुरक अनुदान तर्फ रु १ करोड १८ लाख प्राप्त भएको छ । त्यसैगरी प्रदेश सरकारबाट वित्तीय समानीकरणमा रु.५० लाख ४८ हजार तथा सशर्त अनुदानतर्फ रु.२ करोड १८ लाख ५० हजार, समपुरक अनुदानतर्फ १ करोड ५० लाख प्राप्त हुने अनुमान गरेकि छु , विशेष अनुदानतर्फ ६० लाख  प्राप्त हुन आएको छ । प्रदेश सरकारको राजश्व बाँडफाँडबाट रु. ३७ लाख १० हजार प्राप्त हुन आएको छ । माण्डवी गाउँपालिकाको आन्तरिक आयतर्फ आ.व. २०७७/०७८ मा रु १ करोड १४  लाख  १० हजार अनुमान गरेकीछु । आन्तरिक आम्दानी मध्ये जलविद्युत रोयल्टि बापत करिव ५० लाख, गाउँपालिका जे.सि.बी मेशीन बाट रु २५ लाख अनुमान गरिएको छ, सेवा शुल्क र दस्तुरबाट रु. १३ लाख, अन्य रोयल्टी बापत रु. १० लाख, मालपोत रजिष्टेशन सुल्कबाट करिव ७ लाख, एकीकृत सम्पत्ति कर(घर र घरले चर्चिएको जमिन) बाट रु. ४ लाख  ५० हजार , जग्गा भाडाबाट करिव २ लाख ,घर बहाल करबाट रु. १ लाख, जडीबुटी, कबाडी र जीवजन्तु करबाट रु ५० हजार, विज्ञापन करबाट रु.५० हजार, व्यबसाय कर वापत रु. ५० हजार दण्ड जरिवानाबाट रु. १० हजार, र गत आ.व.को अ.ल्या. १ करोड ७२ लाख समतेलाई यो बजेटमा समावेस गरेकी छु ।

२)  नेपाल सरकार र प्रदेश सरकारको सशर्त अनुदान बापत प्राप्त कूल रकम रु.१६ करोड ३२ लाख ५० हजार संघिय सरकार र प्रदेश सरकारबाट नै कार्यक्रमगत रुपमा विभाजन भई आएको छ । जसमा

जलश्रोत तथा सिंचाईका लागि रु ८ लाख, उद्योग र पर्यटन गरि रु ४० लाख शिक्षा अन्तर्गत साबिकमा सञ्चालित सबैका लागि शिक्षा आधारभूत तह (आधारभूत तहका शिक्षक तलब भत्ता), माध्यमिक तह (शिक्षक तलब भत्ता) र बिद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गतका कार्यक्रम, विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदानका लागि एकमुष्ट रु ९ करोड ३२ लाख विनियोजन भएकोछ । त्यसैगरी स्वास्थ्य अन्तर्गत प्राथमिक स्वास्थ्य सेवा, स्वास्थ्य सँस्थाहरुको सञ्चालन खर्च तथा स्वास्थ्यकर्मिको तलब भत्ता केन्द्रीय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम, एकिकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य,माहामारी तथा रोग नियन्त्रण कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, औषधि, भ्याक्सिन, सामग्री प्याकिङ्ग र ढुवानी बापतको रकम एकिकृत बाल स्वास्थ्य एवं पोषण कार्यकम,उपचारात्मक सेवा कार्यकम,नसिङ तथा सामाजिक सुरक्षा सेवा कार्यकम लगायतका कार्यक्रमहरुलाई समेत एकमुष्ट रु २ करोड ५५ लाख समाबेस भएकोछ । त्यस्तै कृषि विकास  र पशु विकास अन्तर्गतको कृषक दर्ता व्यबस्थापन र तथ्यांक संकलन सम्बन्धि कार्यकम, नयाँ बहुउद्देश्यिय नर्सरी स्थापना, बाख्रा तथा कृषि उत्पादन पकेट विकास कार्यकम अर्न्तगत रु ५६ लाख, बजेट बिनियोजन गरिएको छ ।लैगिंक समानता र सामाजिक समाबेशिकरणका लागि रु ३ लाख,युवा तथा खेलकुद विकास कार्यकमका लागि रु ११ लाख,सामाजिक सुरक्षा तथा संरक्षण कार्यका लागि एकमुष्ट रु ६४ लाख,शान्ती तथा सुव्यबस्थाका लागि रु २७ लाख त्यसैगरी प्रदेश सरकारको सशर्त अनुदानामा आँपचौर लिफ्ट खानेपानी,मारसिवाङ्ग खेलकुद मैदान निर्माण, सित भण्डार निर्माणलाई निरन्तरता,एक स्थानिय तह एक उत्पादन,कोशेलि घर निर्माण कोभिड रोगका कारण फर्किएका युवा लक्षित कार्यकम,साना कृषि औजार तथा यन्त्र उपकरण अनुदान कर्यकमका लागि लागि वजेटको शुनिश्चित गरेकोछ ।

## आर्थिक विकास :

३).आर्थिक विकास विना दीगो, सन्तुलित र संस्थागत विकास सम्भव छैन भन्ने कुरालाई आत्मसात गर्दै कृषि, पर्यटन, सहकारी लगायतका क्षेत्रमा प्राथमिकताका साथ बजेट विनियोजन गरेको छु । कोभिड–१९ रोगका कारण रोजगारी गुमाएका तथा बैदेशिक रोजगारीबाट फर्केका युवालाई कृषि पेशामा आर्कषित गर्न प्राथकिकताका साथ बजेट विनियोजन गरेकिछु ।

### कृषिः

१).आर्थिक वर्ष २०७७।०७८ को नीति तथा कार्यक्रममा समाबेश भएका बाझो जग्गामा करार खेतिका लागि जग्गा भाडा कार्यक्रमका लागि रु ५ लाख,कृषि उत्पादनमा परिमाणका आधारमा कृषक प्रोत्साहन कार्यक्रमका लागि रु ६ लाख,कृषि उत्पादन ढुवानीका लागि कृषि एम्बुलेन्स संचालन कार्यक्रमका लागि रु ४ लाख ,गाउँपालिका स्तरिय हाटबजार व्यबस्थापनका लागि रु ८ लाख,भकारो सुधार कार्यक्रम,कृषि सहकारी तथा अन्य सहकारी गठन संचालन र प्रोत्साहन कार्यक्रमका लागि रु ८ लाख ,प्रत्येक वडा कार्यालयमा कृषि संकलन केन्द्र निर्माण र व्यबस्थापनका लागि रु १२ लाख ५० हजार , बैदेशिक रोजगारीबाट फर्केका तथा बेरोजगार युवालाई व्यबसायिक कृषक वनाउन ५० प्रतिशत अनुदानमा कृषि विषेश कार्यक्रमका लागि रु १२ लाख ५० हजार ,व्यबसायिक कृषकलाई तालिम,पशुपालक कृषकलाई व्यबसायिक तालिम,पशु उपचारका लागि औषधि खरिद, झिम्रुक नदी र माडि खोलामा बृहत कृषि पकेट कार्यक्रम प्रदेश सरकारकको समपुरककोष समेत गर्न ५० लाख विनियोजन गरेकिछु ।

**पर्यटनः**

माण्डवी गाउँपालिकालाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न पुकरुकमा सहिद स्मृति पार्क निर्माणका लागि रु ५ लाख, त्रिवेणि पार्क निर्माणका लागि रु ३ लाख,, स्याउलीघारीमा बाल उद्यान निर्माणका लागि रु ४ लाख र उदयपुरकोट दरवारमा निर्माण कार्यका लागि संघिय सरकाबाट समपुरककोषका लागि रु ४० लाख गाउँपालिकाबाट समपुरक गर्ने व्यबस्था मिलाएकिछु ।

## सामाजिक विकास :

शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सँस्कृति प्रबर्द्धन, खेलकूद तथा मनोरञ्जन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणजस्ता सामाजिक विकासका आयामहरुलाई उच्च प्राथमिकतामा राख्दै आवश्यक वजेट विनियोजन गरेकीछु ।

**शिक्षा :**

१) विद्यालयको शैक्षिक गुणस्तर सुधार, शिक्षकहरुको क्षमता अभिबृद्धि, विद्यालयको भौतिक व्यवस्थापन, प्रविधिमैत्री विद्यालय स्थापना, विद्यालयलाई अनुदान,उत्कृष्ट कार्यसम्पादन गर्ने प्र.अलाई प्रोत्साहन भत्ता, शिक्षक, कर्मचारी र बालविकासका स.का गाउापालिकाबाट थप प्रोत्साहन भत्ताका लागि एकमुष्ट रु. ७५ लाख ८२ हजार विनियोजन गरेको छु ।

**स्वास्थ्य :**

१).कोभिड–१९ रोगका कारण सृजित अवस्थालाई मध्यनजर गर्दै स्वास्थ्य सामाग्रि खरिद,क्वारेन्टिन व्यबस्थापन,आइसोलेसन व्यबस्थापन,औषधि उपचारलाई रकमको कमि हुन नदिन करिव १ करोड २५ लाख छुट्टाएकिछु ।

२) स्वास्थ्य सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरिय बनाउनका लागि संघिय सरकारबाट प्राप्त शर्सत अनुदान रकमलाई सोहि शिर्षकहरुमा खर्च गर्ने तथा वित्तिय समानिकरण अनुदान शिर्षकबाट प्राप्त रकमबाट समेत औषधि खरिद, बर्थिङ सेन्टर उपकरण व्यवस्थापन, महिला स्वास्थ्य स्वंयम सेविकालाई प्रोत्साहन रकम, मोबाईल हेल्थ कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, संस्थागत सुत्केरी टेवा कार्यक्रमका लागि एकमुष्ट रु. ३७ लाख विनियोजन गरेको छु । गाउँपालिकामा विपद्को वेला माहामारीको अवस्थामा तथा गर्भवती महिला र अन्य आकस्मिक कार्यका लागि एम्बुलेन्स आवश्यकता पर्ने अवस्थालाई मध्यनजर गर्दै रु १२ लाख एम्बुलेन्स खरिदका लागी छुट्टाएकीछु ।

**खानेपानी :**

१). आधारभुत खानेपानीको पहुँच नपुगेकामा नागरिकको घरमा एक घर एक धारा कार्यक्रम लागु गरिनेछ, स्वच्छ खानेपानीको सुनिश्चिताका लागि आवश्यक पर्ने श्रोत व्यवस्थापन, अधुरा आयोजना यथाशिघ्र सम्पन्न गर्नका लागि तिराममा खानेपानी आयोजनाका लागि रु २० लाख, गोलबाङ्ग लिफ्ट खानेपानी आयोजनाका लागि रु २० लाख, डुंगडुंगे झाक्रिस्थान लिफ्ट खानेपानी आयोजनाका लागि रु ५ लाख रकम विनियोजन गरेकिछु ।

**महिला, वालवालिका तथा अपाङ्ग :**

१). सामाजिक न्याय र समावेशिकरणलाई उच्च प्राथमिकता दिदै विपन्न र पिछडिएका सबै महिलालाई समाजको मुलधारमा ल्याउन, लैगिक हिंसा, नेतृत्व विकास र संस्थागत तालिम निर्णय प्रक्रियामा महत्वपूर्ण भुमिका खेल्नका लागि  सिप तथा उद्यमशिलता विकास कार्यक्रम,दलित जनजाती अपाङ्ग लक्षित विविध कार्यकम, बालविवाह न्युनीकरण, बाल सञ्जाल र बाल क्लब गठन ,जेष्ठ नागरिक सम्मान कार्यक्रम, अभिभावक विहिन ,असहाय,टुहुरा बेसहारा वालबालिकालाई संरक्षणात्मक कार्यकम, कोभिड.१९ रोगको मानसिक तनाव कम गर्न महिला बालबिालिकालाई मनोसामाजिक परामर्श कार्यकम र महिला आश्रय सेवा केन्द्रका लागि एकमुष्ट रु. २७ लाख  विनियोजन गरेकीछु ।

**रोजगारी :**

१).कोभिड १९ रोगका कारण रोजगारी गुमाएका युवाहरु, भारत तथा तेश्रो मुलुकबाट स्वदेश फर्केका युवाहरुलाई गाउँपालिकामै स्वरोजगारी बनाउन र युवाहरुको उर्जाशिल शक्तिलाई गाउँपालिकाको विकाश कार्यमा लगाउदै आत्मनिर्भर वनाउन प्रदेश सरकारको समपुरककोष समेतबाट युवा लक्षित कार्यक्रम संचालन गर्न रु ५० लाख विनियोजन गरेकिछु ।

## पूर्वाधार विकास :

भौतिक पूर्वाधार विकास विना अन्य क्षेत्रको विकासले गति लिन नसक्ने कुरालाई मध्य नजरमा राखी पूर्वाधार विकासका उपक्षेत्रहरु जस्तै सडक, सिचाई, भवन तथा शहरी विकासका लागि बजेट बिनियोजन गरेकीछु ।

**भवनः**

गाउँपालिकाको केन्द्रको विषय टुङ्गो लगाई भवन निर्माणका लागि आवश्यक जग्गा समेत प्राप्त भै सकेकोछ । गाउँपालिका भवन निर्माणका लागि ठेक्का प्रणालिमा गएकाले यस आ.वका लागि करिव २ करोड रुपियाको व्यबस्था मिलाएकीछु ।

**सडक :**

१). गाउँपालिका जोडने सडकलाई कालोपत्रे आयोजना सम्पन्न गर्न प्रदेश सरकारसँगको समपुरक गर्न रु ५० लाख वजेटको व्यबस्था गरेकिछु । गाउँपालिकाको पहिचान गरेका मुख्य सडक आयोजनाहरु सिमलचौर सडक निर्माणका लागि रु ७ लाख, बसुन्धारा हुदै तिल्केनी देखि मुखचौर सडक निर्माणका लागि ४ लाख, देविस्थान देखि धनचौर जोड्ने सडक निर्माणका लागि रु ५ लाख, चिन डुंगडुंगे देखि बागेश्वरी मावि जोडने सडक निर्माणका लागि रु ४ लाख, उपल्लो धनचौर कोदयार देखि तल्लो धनचौर सडक निर्माणका लागि रु ४ लाख, ५ नं वडा कार्यालय देखि सिरुवारी सम्मको सडक निर्माणका लागि रु ६ लाख, तिराम घुर्किचौर सडक निर्माणका लागि रु ६ लाख र गाउँपालिकाका सडकहरु मर्मत सम्भार गाउँपालिकाकै जेसिभिबाट गर्ने गरि रु ५ लाख विनियोजन गरेकी छु । कुमलटार झोलङ्गे पुल निर्माणमा समपुरक गर्न रु ५ लाख छुट्टाएकिछु ।

## सिँचाई

१).यस गाउँपालिकाको सबै सिचाई योग्य जमिनमा सिचाई सुविधा पुऱ्याउने गरी निर्माणाधीन आयोजनाहरु र नयाँ आयोजनाहरु सञ्चालनका लागि सम्भाव्यताको आधारमा खानेपानी, सिचाई, नदी नियन्त्रण र वातावरण प्रवर्द्धन पक्षलाई समेटी त्यसका लागि  आवश्यक रकमको व्यबस्था गरेकीछु ।

## उर्जा विकास :

ग्रामिण विद्युतिकरणका लागि आवश्यक मिटरबक्स तार तथा एम.सि वि खरिदका लाागि रु. ७ लाख र शसर्त शिर्षकबाट प्राप्त रकमलाई सोहि शिर्षकहरुमा खर्च गर्ने गरि व्यबस्था मिलाएकीछु ।

## वतावरण तथा विपद् व्यवस्थापनः

१)  वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण,सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धनमा ध्यान दिइनेछ । जनसंख्याको बढदो चाप र अव्यबस्थित सहरीकरणबाट उत्पन्न भएको फोहोरमैला व्यवस्थापनका लागि रु ५ लाख बजेटको व्यबस्था मिलाएकीछु । माण्डवी गाउँपालिकामा आउन सक्ने प्रकोप तथा बिपद्हरुलाई समेत ध्यानमा राखी राहत उद्दार र पुनर्स्थापना कोषका लागि एकमुष्ट रकम रु.१२ लाख विनियोजन गरेकीछु ।

## सुशासन, संस्थागत विकास तथा सेवा प्रवाहः

१) सार्वजनिक सेवा प्रवाहमा सेवाग्राहीहरुलाई कुनै प्रकारको विभेद नगरी उच्च प्राथमिकता दिई सेवा प्रवाह गरिनेछ । कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरुमार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुणस्तरियता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुबाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति, आर्थिक पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ । सेवा प्रवाभलाई प्रविधि मैत्री  बनाउदै  गुणस्तरीय र भ्रष्टाचार विरुद्ध  सुन्य सहनशीलताको नीति अवलम्बन  गरिनेछ । कर्मचारी तथा पदाधिकारीको क्षमता विकासको लागि आवश्यक तालिम तथा प्रविधिको व्यवस्थापनको लागि रकम विनियोजन गरेको छु ।

२)  सुचना तथा संचार प्रविधि व्यवस्थापन, सोलार लाईट, पत्रपत्रिका छपाई र सूचना प्रकाशन र प्रशारण, अभिलेख व्यवस्थापन, पञ्जिकरण व्यवस्थापन, मानव संसाधन विकासका लागि आवश्यक पर्ने रकमका विनियोजन गरेकीछु

**पदाधिकारी तथा कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा :**

१) स्वीकृत दरबन्दी बाहेक यस गाउँपालिका र अन्तर्गतका कार्यलयहरुमा करार सेवा र सेवा करारमा कार्यरत कर्मचारीहरुलाई निरन्तरता दिइएको छ । माहमारी रोगको समयमा होस वा विपद्को समयमा र गाउँपालिकाको समग्र सुरक्षा व्यबस्थालाई मध्यनजर गर्दे गाउँ प्रहरीको गठन गरनेछ । सामाजिक परिचालक र सुचना प्रविधि अधिकृत लाइ पनि कार्य मुल्याकंनको आधारमा निरन्तरता दिइएको छ ।

२) कोभिड–१९ रोगका कारण समग्र अर्थव्यबस्थामा परेको नकारात्मक प्रभावलाई मध्यनजर गर्दे गाउँपालिकामा करारमा राखिएका कर्मचारीहरुको पारिश्रमिक तथा सेवा सुविधामा कुनै थपघट नगरि पुरानै सेवा सुविधालाई निरन्तरता दिने गरि व्यबस्था मिलाएकीछु ।

३) यस माण्डवी गाउँपालिकाका गाउँ कार्यपालिका, गाउँ सभा तथा वडा समितिका पदाधिकारीहरुका लागि सेवा र सुविधा प्रदेश कानुन वमोजिम प्राप्त हुने गरि आन्तरिक श्रोतको उपलब्धता समेतलाई ध्यान दिदै आवश्यक व्यवस्था मिलाईनेछ ।

**अब म आगामी आ.व. मा विनियोजन गरिएका अन्य क्षेत्रहरुको विवरण प्रस्तुत गर्न चाहन्छु :**

१) विभिन्न NGO, INGO हरुको सहकार्य विना सबै काम एक्लैले सम्भव छैन । यस जिल्लामा कार्यरत NGO, INGO लगायत अन्य संघ संस्थाहरुका कार्यक्रमहरु अब यस गाउँपालिकाको निर्णय र समन्वय अनुसार सञ्चालन हुनेछन् । विभिन्न NGO, INGO हरुको सहकार्यमा गरिने कार्यक्रमहरुको लागि पनि केही रकम समपूरक कोषमा विनियोजन गरेको छु ।

२) स्वस्थ र सिर्जनशिल तथा अनुशासित जीवनका लागि खेलकूदको विकास अनिवार्य भएकाले यस गाउँपालिका अन्तर्गत मार्सिवाङमा १५२ रोपनी क्षेत्रफलमा आधुनिक खेलकुद मैदान निर्माण निरन्तरताका लागि रु. १५ लाख गाउँपालिका तथा प्रदेश सरकारको शसर्त अनुदानबाट प्राप्त ३० लाखबाट बृस्तिृत परियोजना प्रतिवेदनमा भएको महत्वपुर्ण कार्य सम्पन्न गर्न बजेट विनियोजन गरेको छु । गाउँपालिकालाई युवाहरु सँग जोड्ने राम्रो माध्यम बनेको अध्यक्ष कप खेलकूद आयोजनाको निरन्तरताका लागि रु. ८ लाख विनियोजन गरेको छु ।

३). माण्डवी गाउँपालिकालाई आगामि आर्थिक वर्षमा खरको छानोमुक्त गाउँपालिका घोषण गर्ने गरि सम्पुर्ण असहाय र गरिवको घरमा जस्तापाता लगाउनका लागि रु ४० लाख रकम विनियोजन गरेकिछु ।

४) निर्माणाधीन पूर्वाधारहरको समयमै सम्पन्न गर्ने गरी व्यवस्था मिलाउन पहल गरिनेछ । अत्यावश्यक सडकहरुको स्तर उन्नति र निर्माण कार्यलाई थप स्रोत सहित निरन्तरता दिने व्यवस्था मिलाएको छु ।

५) एउटै निर्माण ब्यवसायीले आफ्नो क्षमता भन्दा बढी कार्यको लागि धेरै वटा ठेक्का लिने र कार्य नगर्ने प्रवृत्तिको अन्त्य गरिनेछ । जे.सि.भि लगाएतका ठुला मेशिनलाई क्रमश विस्थापित गर्दै हाम्रो विकास हाम्रै युवा मार्फत गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ ।

६) सार्वजनिक सेवा प्रवाहलाई जनताको अधिकारको रुपमा स्थापित गरिनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा शुन्य सहनशीलताको नीति अवलम्वन गरिनेछ । सुशासन कायम गर्न राम्रो र असल कार्य गर्ने कर्मचारीहरुलाई प्रोत्सहन स्वरुप सम्मान कार्यक्रमको ब्यवस्था मिलाएको छु ।

७) कतिपय कार्यक्रम तथा आयोजनाहरुमा देखिने दोहोरोपन घटाउन गाउँपालिका क्षेत्रभित्र हुने जुनसुकै कार्यक्रमहरु गाउँपालिकाको मातहतबाट नै सञ्चालन हुने व्यवस्था मिलाएको छु । यो बजेट कार्यक्रमले नसमेटेका तथा समेट्न नसकिएका अन्य कार्यक्रमहरुलाई आगामी दिनहरुमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम जनसंख्या, भूगोल लगायत अन्य वर्ण, लिङ्ग, क्षेत्र, समुदायहरु समेतलाई मध्यनजर गर्दै समतामूलक ढङ्गले बिनियोजन गर्दै लगिनेछ । र सो अनुसार नै विनियोजनको व्यवस्था मिलाउने छु ।

८) माण्डवी गाउँपालिकाको आठौ गाउँसभाबाट स्वीकृत हुने आ.व. २०७७/०७८ को बजेट तथा कार्यक्रम माण्डवी गाउँकार्यपालिकाको सचिवालयमा कार्यान्वयनका लागि अख्तियारी दिइएको छ ।

९).माााण्डवी गाउँपालिकाको आठौ गाउँसभाबाट स्वीकृत हुने आ.व. २०७७/०७८ को बजेट अनुसार कार्यक्रम कार्यान्वयन गर्दा कार्यान्वयन गर्न असम्भव भएको तथा बजेट घटवढ भई कार्यक्रम संसोधन गर्नु पर्ने कार्यकम संसोधन गर्ने अधिकार गाउँकार्यपालिकालाई प्रत्यायोजन गरिएको छ ।

१०) हाल यो बजेटको सिलिङमा नपरेका अन्य योजना तथा कार्यक्रमहरुलाई गाउँपालिकाले आफ्नो आन्तरिक स्रोत र विभिन्न बिषयगत कार्यालयहरुबाट पछि प्राप्त हुने स्रोत अनुसार प्राथमिकताको आधारमा बजेट बिनियोजन गर्दै लगिनेछ भने ठूला प्रकृतिका आयोजना कार्यक्रमहरुलाई प्रदेश सरकार तथा केन्द्र सरकार समक्ष अनुरोध गरिने ब्यवस्था मिलाईनेछ ।

११).जनतामा कर तिर्ने बानीको विकास गराइ आन्तरिक राजस्व बढाउने लक्ष्य रहेको छ । यसको लागि जनतामा चेतना अभिवृद्धि गर्दै सूचना तथा सहुलियतको माध्यमबाट स्वयं करदातालाई नै जागरुक

गराउने प्रणालीलाई प्रवद्धन गर्ने नीति अख्तियार गरिने छ । साथै निर्धारण गरिएका कर शुल्क तथा दस्तुरहरु संकलनको लागि वडास्तरबाटै सक्रिय रुपमा लागिने छ । करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवं सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ, राजस्व चुहावटलाई नियन्त्रण गरिनेछ ।

**अन्त्यमा,**

१२).यस बजेटको कार्यान्वयनबाट कोभिड–१९ रोगको नियन्त्रण,रोकथाम र उपचारका लागि तत्काल आवश्यक पर्ने श्रोतको सुनिश्चितता गरिने,समग्र अर्थव्यबस्थामा पेरको नकारात्मक असर कम हुदै जाने,वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई रोजागारीका अवसरहरु प्राप्त हुने,विगत तथा चालु आर्थिक वर्षमा शुरु गरिएका क्रमागत अधुरा आयोजनाहरु सम्पन्न हुने विश्वास लिएकी छु ।

१३) योजना बाट बजेट तयार गरेर मात्रै हुँदैन, त्यसको प्रभावकारी कार्यन्वयन हुन नसकेमा अपेक्षित उपलब्धी हाँसिल गर्न सकिँदैन । तसर्थ यसको कार्यन्वयनमा यहाँहरु सबैको सहभागिता, सल्लाह, सुझाव र मार्गदर्शनको अपेक्षा गर्दछु । समस्याहरु धेरै छन् सबैको एकै पटक समाधान सम्भव छैन । यो बजेट तयार गर्ने क्रममा माण्डवी गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्‍याउनु हुने आम नागरिकहरु, कर दाताहरु, राष्ट्रसेवक कर्मचारीहरु, निजी क्षेत्र, विकास साझेदारहरु, सरकारी तथा गैरसरकारी तथा सामुदायिक संस्थाहरु, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार ब्यक्त गर्दछु र यो बजेटको सफल कार्यन्वयनको लागि सहयोगको अपेक्षा गर्दछु ।

मुगा पुन
उपाध्यक्ष
माण्डवी गाउँपालिका